**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**छात्रवृत्ति शाखा,**

प्रकाशन मितिः २०७५।११।२६

**विषयः चीन सरकारबाट प्राप्त भएको स्नातकोत्तर तहको छात्रबृत्तिका लागि ईन्जिनियरिङ विषय तर्फ दरखास्त आह्वान गरिएको जरुरी सूचना ।**

मन्त्रालयको मिति २०७५।११।२६ को निर्णयानुसार चीन सरकारबाट प्राप्त भएको छात्रबृत्तिमा अध्ययनका लागि छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन सहित) बमोजिम विद्यार्थी छनौट गर्नु पर्ने भएकोले तपशिलका विषयहरुमा उल्लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ ।

१. दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क. त्रिभुवन विश्वविद्यालय अन्तगर्तको ईन्जिनिरिङ अध्ययन सस्थानले २०७५ सालमा सञ्चालन गरेको स्नातकोत्तर तहको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनुपर्नेछ ।

ख.मन्त्रालयको मिति २०७५।११।३ को निर्णयानुसार विषयगत रुपमा तोकिएको सिट संख्या र दरखास्तका लागि तोकिएको समूह देहाय बमोजिम कायम गरिएको छ ।

| क्र.सं | अध्ययन संस्थान तथा संकाय | विषय | जम्मा सीट संख्या | आरक्षण सहित कोटा निर्धारण | | |
|---|---|---|---|---|---|---|
| | | | | साधरण | महिला | जनजाती |
| १ | इन्जिनियरिङ्ग अध्ययन संस्थान | Railway Engineering | ४ | २ | १ | १ |
| | | Industrial Engineering | १ | १ | | |
| | | Environmental Engineering | १ | १ | | |
| | | Tunnel & Rock Engineering | ३ | २ | १ | |
| | | Geomatics Engineering | ३ | २ | १ | |
| | | Hydropower Engineering | ३ | २ | १ | |
| | | Mining Engineering | २ | १ | १ | |
| | | Biomedical Engineering | ४ | २ | १ | १ |
| | | Mechanical Engineering | १ | १ | | |
| | | Marine Engineering | २ | १ | १ | |
| | | Information & Communication Engineering | २ | १ | १ | |

२. दरखास्तको म्याद तथा माध्यम सम्बन्धी व्यवस्थाः

मिति २०७५ साल फाल्गुण २७ गते देखि २०७५ साल चैत्र ०३ गतेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको छात्रवृत्ति शाखा, केशरमहलमा दरखास्त दिन सकिने छ ।

३. राजस्व सम्बन्धी व्यवस्थाः आवेदकहरुले राजस्व वापतको रकम रु. १०००। (एक हजार) राष्ट्रिय वाणिज्य बैक ठमेल शाखा वा छात्रबृत्ति शाखा केशरमहल परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको भौचर दरखास्त आवेदनसँगै बुझाउनु पर्नेछ ।

**<u>Eligibility Criteria to the assigned subject</u>**

Candidate must have passed the M.Sc. Entrance Examination in the respective Streams conducted by Institute of Engineering.

| SN | Subject | Eligibility |
|---|---|---|
| 1 | Railway Engineering | BE Mechanical and Industrial (MI Stream), BE Electrical Engineering (EE Stream), BE Civil Engineering( CA Stream) |
| 2 | Industrial Engineering | BE Industrial Engineering (MI Stream) |
| 3 | Environmental Engineering | BE Civil Engineering(CA Stream) |
| 4 | Tunnel & Rock Engineering | BE Civil Engineering ( CA Stream) |
| 5 | Geomatics Engineering | BE Geomatics Engineering (AS Stream) |
| 6 | Hydropower Engineering | BE Civil and Agriculture (CA Stream) |
| 7 | Mining Engineering | BE Civil and Agriculture ( CA Stream) or BE Mechanical and Industrial (MI Stream) |
| 8 | Biomedical Engineering | BE Electronics and communication ( EC Stream) |
| 9 | Mechanical Engineering | BE Mechanical Engineering ( MI Stream) |
| 10 | Marine Engineering | BE Mechanical Engineering ( MI Stream |
| 11 | Information & Communication Engineering | BE Computer & BE Electronics and communication ( EC Stream) |

४. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु

क. साधारण समूह (General Group)

- ❖ पूर्णरुपमा भरिएको आवेदन फाराम
- ❖ राजस्व बुझाएको सक्कल भौचर
- ❖ नागिरकता प्रमाण पत्रको प्रतिलिपि
- ❖ त्रिभुवन विश्वविद्यालय ईन्जिनियरिङ अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षाको योग्यताक्रम नम्बर
- ❖ स्नातक तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Character certificate/Original/Provisional certificate को प्रतिलिपि ।
- ❖ शैक्षिक योग्यता हासिल गरेको बोर्ड नेपाल बाहिरको भए सबै वा कुनै तहको सम्बन्धित बोर्डबाट जारी गरिएको Transcript वा मार्कसिटका साथ pass certificate/degree awarded certificate/provisional certificate र migration certificate का साथ त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रबाट प्रदान गरेको समकक्षताको कागजात ।
- ❖ दश जोड २ वा सो सरहको Transcript
- ❖ SLC/SEE मार्कसिटको प्रतिलिपि
- ❖ नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

ख. सामुदायिक विद्यालय (Community School Group) तर्फको आरक्षण समूहः

(विपन्नताको सिफारिस सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेश गर्न सक्ने उम्मेदवारका लागि मात्र)

यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले माथि साधारण समूह (general Group) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नुपर्नेछ ।

- ❖ SLC/SEE उत्तीर्ण गरेको विद्यालय सामुदायिक हो भनी  शिक्षा विकास तथा समन्वय ईकाइ वा स्थानीय तहले प्रदान गरेको सिफारिस पत्र ।
- ❖ सम्बन्धित स्थानीय तहले विपन्नताको कारण खुलाइ छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को अनुसूची १ अनुरुप को ढाँचामा मिति २०७५ साल फाल्गुण २७ गते पछि दरखास्त फाराम भर्ने अन्तिम मिति २०७५।१२।०३ सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।
- ❖ आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिश पत्र ।

| आरक्षण समूह | सिफारिस गर्ने निकाय तथा व्यहोरा |
|---|---|
| विपन्नताको सिफारिस | सम्बन्धित स्थानीय तहबाट |
| सामुदायिक विद्यालयमा अध्ययन गरेको सिफारिस | सम्बन्धित शिक्षा विकास तथा समन्वय ईकाइ वा स्थानीय तहबाट |
| आरक्षित समूह सम्बन्धी प्रमाण | सम्बन्धित स्थानीय तहबाट आफु सम्बन्धित समुदायको भएको सिफारिस |

ग. अन्य विद्यालय समूह (Other School Group) पूर्णरुपमा भरिएको आवेदन फाराम

यस समूहमा दरखास्त पेस गर्ने उम्मेदवारहरुले (General Group) साधारण समूहका लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति र १/१ प्रति फोटोकपी पेश गर्नुपर्ने छ ।

५. योग्यताक्रमः

क. रितपूर्वक दरखास्त पेस गर्ने उम्मेदवारहरुले सम्बन्धित अध्ययन संस्थान वा संकायले सञ्चालन गरेको प्रवेश परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क तथा Rank/Merit र आरक्षण सम्बन्धी कागज प्रमाण समेतको अधारमा छात्रबृत्ति सम्बन्धी नियमावली बमोजिम नियमानुसार साधारण तथा आरक्षण समूहको योग्यताक्रम कायम गरिने छ ।

ख. विपन्नताको सिफारिसः देहाय अनुसारको ढाँचामा विपन्नताको सिफारिस मिति २०७५/११/२७ गते देखि दरखास्त पेस गर्ने दिनसम्ममा सम्बन्धित व्यक्ति बसोबास गरेको स्थानीय तहको सिफारिस पत्रमा आधिकारिक पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्ने छ । अन्यथा दरखास्त आरक्षण तर्फ अस्वीकृत भई साधारण तर्फ मात्र कायम हुने छ ।

अनुसूची–१ख.

(नियम १३क. को उपनियम (३) सग सम्बन्धित)

श्री शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय,
केशरमहल, काठमाडौ ।

विषयः– विपन्नताको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ........................ को नाति/नातिनी श्री ........................ .. को छोरा/छोरी ........... जिल्ला ................ गा.पा./ न.पा./ उ.म.न.पा / म.न.पा. ............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति .......... देखि ........ सम्म ............. सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ........................................ कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको–
सहीः
नामः
पदः
कार्यालयः
मितिः
कार्यालयको छापः